# आर्थिक वर्ष २०८१/८२

# को

# बजेट बक्तव्य

# मालिकार्जुन गाउँपालिका, दार्चुला

# २०८१

मालिकार्जुन गाउँपालिका गाउँ सभामा २०८१ साल असार ०६ गते विहीबार

उपाध्यक्ष श्री कल्यान सिंह धामी “पंकज” ले

प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८१/८२ को

# बजेट वक्तव्य


मालिकार्जुन गाउँपालिका

शंकरपुर, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

Website: www.malikarjunmun.gov.np

E-mail: mrmdarchula@gmail.com

**यस गरीमामय सभाका सभाध्यक्ष महोदय,**

गाउँ सभा सदस्यज्यूहरु, यस सभाका सचिव, विषयगत शाखा प्रमुख एवं सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, पूर्व जनप्रतिनिधि, विभिन्न राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, नागरिक समाज, समाजसेवी, बुद्धिजीवी, शिक्षक, सुरक्षाकर्मी, पत्रकार मित्रहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरु,

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ७१ अनुसार उपाध्यक्षले आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार दश गतेभित्र सभामा पेस गर्नुपर्ने व्यवस्था भएबमोजिम सभाध्यक्षको अनुमतिबाट यस मालिकार्जुन गाउँपालिकाको उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले मालिकार्जुन गाउँपालिका गाउँ सभाको बाह्रौं अधिवेशनको पहिलो बैठकमा आगामी आर्थिक वर्ष २०८१/८२ को लागि वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु ।

२. यस अवसरमा लोकतन्त्र प्राप्ती र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि विभिन्न काल खण्डमा भएका दशवर्षे जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलन लगायतका आन्दोलन र राजनीतिक क्रान्ति एवं संघर्षमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति उच्च सम्मान तथा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । घाइते योद्धा र वेपत्ता नागरिकहरु प्रति उच्च सम्मानका साथै गहिरो सहानुभुति प्रकट गर्दछु । मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि अथक योगदान दिने सम्पूर्ण आदरणीय अग्रज राजनीतिज्ञहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

३. देश सङ्घीय प्रणालीमा गइसकेपछी सङ्घीयताको सिद्धान्त अनुरुप संवैधानिक व्यवस्था बमोजिम यसै गरिमामय सभाबाट हामी बजेट अधिवेशनमा प्रवेश गरिसकेका छौं ।

४. स्थानीय तहको दोस्रो कार्यकालका लागि २०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचन पश्चात कार्यभार सम्हालेको दुई वर्ष पुगिसकेको छ । यस समयावधिमा थुप्रै जनअपेक्षाहरुको सम्बोधन गर्ने प्रयास गरेका छौं र त्यसकै निरन्तरता स्वरुप आगामी आर्थिक वर्षको बजेट निर्माण गरेको छु ।

५. मुख्यतयाः सङ्घीय एवं प्रादेशिक अनुदानमा निर्भर हुनुपर्ने र प्राप्त बजेट सिलिङ्गका आधारमा आगामी आर्थिक वर्षको बजेट तयार गर्नुपर्ने बाध्यात्मक परिस्थिति हामी माझ रहेको छ । बेलाबेलामा सङ्घ र प्रदेशबाट हुने बजेट कटौतीले बजेट कार्यान्यवन तथा भुक्तानीमा समस्या सिर्जना भई असहज परिस्थितिको सामना गर्न परेतापनि प्राप्त बजेट सिलिङ्गलाई आधार बनाई मालिकार्जुन गाउँपालिकाको विकास निर्माण लगायतका समग्र सेवा प्रवाहलाई गति दिने तर्फ केन्द्रित भई बजेट विनियोजन भएको छ । यस अवस्थामा मालिकार्जुनवासी आम नागरिकहरुको जीवन रक्षा गर्ने, भविष्य प्रति आधारयुक्त आशा जगाउने र अर्थतन्त्रको पुनरुत्थान गर्दै तीव्र विकासको बाटोमा लैजाने गरी आवश्यक छलफल सहित सोही बमोजिम बजेट तर्जुमा गर्ने प्रयास गरिएको छ ।

६. बजेट तर्जुमा भई कार्यान्वयनमा गइसकेपश्चात समेत विभिन्न समस्याहरु देखा पर्ने गरेका छन् । समयमा राजस्व नउठेको लगायतका कारण देखाई सङ्घीय सरकारले समानीकरण तथा राजस्व बाँडफाँटबाट प्राप्त हुने अनुदान रोक्का राखे, सोही बमोजिम प्रदेशबाट समेत प्राप्त हुने वित्तीय हस्तान्तरण प्रभावित हुने गरेको र जसले गर्दा प्रभावकारी बजेट कार्यान्वयन हुन नसक्ने तथा भुक्तानी सन्तुलन कायम हुन नसकेको तितो यथार्थ हाम्रो सामु विद्यमान छ ।

७. मैले बजेट तयार पार्दा नेपालको संविधान, विद्यमान कानुनहरु, सोह्रौं योजना, दीगो विकास लक्ष्यहरु, संघीय र प्रदेश सरकारका प्रमुख नीतिहरु तथा मालिकार्जुन गाउँपालिकाले आर्थिक

वर्ष २०८१/०८२ का लागि तय गरेका नीति तथा कार्यक्रमहरु र विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिवद्धता समेतलाई आधार बनाएको छु ।

८. बजेट तर्जुमाको सिलसिलामा संघ र प्रदेश सरकारले अबलम्बन गरेका आर्थिक नीति, कानून, मार्ग निर्देशन, मापदण्ड तथा परिपत्रहरुका साथै विभिन्न समयमा सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण तथा लेखा परीक्षण, विभिन्न प्रतिवेदन, गुरुयोजनामा औंल्याईएका गहनतम मार्गदर्शन, सुझाव र अध्ययन, अवलोकन भ्रमणबाट बोध भएका व्यवहारिक र वस्तुनिष्ठ सिकाइ तथा सफल अभ्यासलाई समेत ध्यान दिएको छु ।

**सभाध्यक्ष महोदय,**

९. अब म गत आर्थिक वर्ष २०७९/०८० को यथार्थ आर्थिक गतिविधिको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१०. गत आर्थिक वर्ष २०७९/०८० मा निकासा प्राप्त अनुदान **रु.४७ करोड २६ लाख ६१ हजार ९ सय ६६**, खुद आन्तरिक आय **रु.३० लाख ३० हजार ४ सय २५**, भुक्तानी दायित्व तथा संचित कोष मौज्दात रु.**२ करोड १३ लाख ४९ हजार ५ सय ४९** गरी जम्मा कुल रकम **रु.४९ करोड ४० लाख ११ हजार ५ सय १५** मध्ये खर्च **रु.४९ करोड ३९ लाख ५८ हजार २ सय ४१** भएको थियो । जसमा **रु.१७ लाख ७२ हजार ४ सय ६५** रुपैंया फ्रीज भएको थियो भने रु. **४९ लाख ३१ हजार २ सय ९५** कम खर्च भई गत आर्थिक वर्षमा पूरा हुन नसकेका योजनालाई सोही रुपमा निरन्तरताका लागि बाँकी बजेट चालु वर्षमा खर्च गरिएको बेहोरा समेत उल्लेख गर्न चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

११.अब म मालिकार्जुन गाउँपालिकाको चालु आर्थिक वर्ष २०८०/८१ को आर्थिक गतिविधि तथा बजेट कार्यान्वयनको समीक्षा गर्ने अनुमति चाहन्छु ।

१२.चालु आर्थिक वर्ष २०८०/८१ मा कुल खर्च **रु.५१ करोड ५२ लाख ४० हजार १ सय** ४ हुने अनुमान गरिएकोमा चालु आ.ब. को असार मसान्त सम्मको लागी **रु.५९ करोड १३ लाख ६४ हजार ३ सय ९१** खर्च हुने संशोधित अनुमान छ । जसमा चालु खर्च तर्फ **रु.३९ करोड ८० लाख ६७ हजार ६ सय** ४ र पुँजीगत खर्च तर्फ **रु. ११ करोड ७१ लाख ७२ हजार ५ सय** खर्च हुने संशोधित अनुमान छ ।

१३.चालु आर्थिक वर्षमा राजश्व संकलन **रु. ५० लाख** हुने अनुमान गरिएकोमा चालु आ.ब को असार मसान्त सम्ममा **रू. २२ लाख** आन्तरिक राजश्व संकलन हुने संशोधित अनुमान छ ।

१४.संघीय अनुदान तर्फ आ.ब ०८०/८१ मा **रु. ५२ करोड ८२ लाख ८ हजार १ सय** प्राप्त हुनेगरी बजेट सिलिङ्ग प्राप्त भएको र प्रदेश सरकारबाट रु. **३ करोड १ लाख २८ हजार** वित्तीय हस्तान्तरण मार्फत प्राप्त हुने, प्रदेश सरकार र संघीय सरकारसंग राजश्व बाँडफाँटबाट प्राप्त हुने रु.**७ करोड ३९ लाख २ हजार २ सय** ४ मध्ये ४ **करोड १५ लाख १८ हजार ८ सय ३०** प्राप्त हुने संशोधित अनुमान छ । नगत मौज्दात **१ करोड ८१ लाख ६३ हजार ९ सय** र आन्तरिक राजश्व अनुमानको रु. **२२ लाख** गरी **कुल रु. ६२ करोड २ लाख १८ हजार ७ सय ३१ राजश्व** प्राप्त हुने संशोधित अनुमान गरिएको छ । तथापी सङ्घीय सरकारले विविध कारण देखाई समानीकरण अनुदानको **२५.८९** प्रतिशत भुक्तानी नदिन परिपत्र गरेकाले संशोधित अनुमानमा समेत फरक पर्न सक्ने अवस्था छ ।

**सभाध्यक्ष महोदय,**

१५.अब म चालु आर्थिक वर्ष २०८०/८१मा कार्यान्वयन भएका केही उल्लेखनीय कार्यहरु निम्न बमोजिम भएको बेहोरा यहाँहरु समक्ष पेस गर्ने अनुमति चाहन्छु ।

१. गाउँपालिकाको आफ्नै जेसिवीको प्रयोग गरी सेलिचामा मौपानी हुँदै वडा नम्बर २ को न्वालपानीसम्म सडक पहुँच पुर्याइएको छ । उक्त कार्य ठेक्काबाट गर्नुपरेमा करोडौंको बजेट आवश्यक पर्ने अवस्था थियो । गाउँपालिकासँग रहेको जेसिविमा केवल ३५ लाखको इन्धन खर्चबाट मितव्ययी ढंगले ट्रयाक खोल्ने कार्य सम्पन्न हुँदैछ ।

२. विगत वर्षको तुलनामा कार्यालय सञ्चालन देखि लिएर गाडि भाडासम्मको प्रशासनिक खर्चलाई दोब्बर तरिकाले नियन्त्रण गरिएको छ ।

३. सबै किसिमका योजनाहरु समयमै सम्पन्न गर्नको लागि पटक पटक निर्माण व्यवसायीलाई ताकेता गर्नेदेखि लिएर स्थलगत अनुगमन तथा ताकेतामा अथक प्रयास गरिएको छ । साथै निकाशा प्राप्त रकम फ्रीज हुन नदिन समयमै बोलपत्र आव्हान गरी कार्यान्वयन गर्ने कार्यशैलीको विकास गरिसकिएको छ ।

४. सबै वडाहरुमा ग्रामिण सडक स्तरोन्नती, नयाँ ट्रयाक खोल्ने तथा अवरुद्ध सडक सुचारु र विस्तार गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

५. गाउँपालिकामा थन्किएर रहेको एक्साभेटरको मर्मत सम्भार गरी सो एक्साभेटरमा कार्यालयकै जनशक्ति र इन्धन व्यवस्थापन गरी न्यून बजेटमा अधिकतम निर्माण कार्य गर्ने कार्यलाई निरन्तरता दिइएको छ । वडा नम्बर २ को न्वालपानी वस्तिसम्म सडक टयाक खुला भएको छ । चालु आर्थिक वर्षमा मात्रै करिव साढे ३ किमी नयाँ सडक कटिङ्गको कार्य र करिव ७ किलो मिटर पुरानो सडक स्तरोन्नती गर्ने कार्य सम्पन्न भएको छ ।

६. स्थलगत अनुगमन तथा निरीक्षणलाई विशेष महत्वका साथ अगाडी बढाइएको छ ।

७. विद्यालय क्षेत्रको सुधार तथा सामुदायिक शिक्षाको गुणस्तर सुधारका लागि नियमित अनुगमन तथा व्यवस्थापन तर्फ विशेष ध्यान दिइएको छ ।

८. माध्यमिक विद्यालयहरुमा विषयगत शिक्षकको दरवन्दी अभावलाई समाधान गर्न गाउँपालिकाले राहत अनुदान कोटा सिर्जना गरी सबै विद्यालयमा आवश्यकता अनुसार विषयगत शिक्षकको पदपूर्ति गरिएको छ ।

९. विशेषज्ञ चिकित्सक सहितको घरदैलो स्वास्थ्य शिविरसंगै नागरिक आरोग्यता परामर्श सेवा मार्फत आम नागरिकको स्वास्थ्य चेकजाँच, परामर्श तथा औषधी वितरण कार्यक्रम सम्पन्न भएको छ । गेटा आखा अस्पतालको सहकार्यमा निःशुल्क आँखा जाँच शिविर हरेक महिनाको अन्तिम शनिवार सन्चालन हुदै आएको छ ।

१०.क्षयरोग मुक्त अभियान अन्तर्गत क्षयरोग कार्यक्रमको सुक्ष्म योजना निर्माण तथा स्क्रिनिङ्ग कार्य सम्पन्न भएको छ ।

११.गाउँपालिकाभित्रका प्रत्येक विद्यालयका सम्पूर्ण बालबालिकाहरुको वार्षिक दुइ पटक स्वास्थ्य परीक्षण गर्ने कार्य सम्पन्न गरिएको छ ।.

१२.गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता गर्न जिल्ला खोप समन्वय समितिलाई सिफारिस गरी सकिएको छ ।

१३.बृद्धबृद्धा, असहाय, अपाङ्ग, गरिव, गर्भवती, सुत्केरी तथा पाँच वर्ष मुनिका बालबालिकालाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिएको छ ।

१४.दश शैय्या आधारभूत अस्पतालको निर्माण कार्य सम्पन्न भएको र यथाशीघ्र नै सेवा सञ्चालनको प्रक्रियामा रहेको छ ।

१५.कार्यालयका १० लाखभन्दा माथिका सम्पूर्ण योजना तथा खरिद कार्य विद्युतीय माध्यमबाट बोलपत्र आव्हान गरी निष्पक्ष तथा खुला प्रतिस्पर्धाको माध्यमबाट सम्पन्न गरिएका छन ।

१६.विद्यालय योग शिक्षा मार्फत समाजमा विद्यमान कुरीति तथा विसंगतीहरुको अन्त्य एवं मानसिक तथा शारीरिक स्वास्थ्य सुधारका साथै ध्यान केन्द्रित गर्ने उद्देश्यका साथ पवित्र शैल्य मालिकार्जुन

धामको प्रचार प्रसारका लागि बृहत प्रथम मालिकार्जुन आध्यात्मिक सम्मेलन आयोजना गरी जिल्लाभरीका सबै पालिकाका सहभागीहरुलाई ७ दिनसम्म प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।

१७.जेड स्कोर अभियान (**Z–Score**) मार्फत कुपोषित बालबालिकाहरुको पहिचान गरी विभिन्न उपचारका कार्यक्रम सञ्चालन गरिएका छन ।

१८.सुनौला हजार दिनका आमाहरुलाई पोषण स्थिति सुधार गर्नका लागि तरकारीको बीँउ वितरण गर्ने सम्पन्न गरिएको छ ।

१९.किसान सुचीकरण कार्यक्रम निरन्तर चलिरहेको छ । मालिकार्जुन गाउँपालिकाको वडा नं. २ र ३ मा ओखर पकेट र मौरी पकेट कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

२०.कृषि यान्त्रीकरण कार्यक्रम अन्तर्गत ५० प्रतिशत लागत साझेदारीमा कार्यालयको ९ लाख बजेट मार्फत मालिकार्जुन गाउँपालिकाभित्रका ३१ परिवारलाई मिनिटिलर हस्तान्तरण गर्ने कार्य सम्पन्न भएको छ ।

२१.कृषि र पशुपालनमा आत्मनिर्भर बनाउने उद्देश्यका साथ सञ्चालित गोठ सुधार कार्यक्रमबाट २२ परिवार तथा मासु प्रवर्द्धन कार्यक्रम अन्तर्गत १९ परिवार लाभान्वित भएका छन् ।

२२.कृतिम गर्भाधान कार्यक्रमको व्यवस्थापन गरिएको छ । महामारीको रुपमा देखापरेको लम्पी स्किन रोगको रोकथाम तथा नियन्त्रणका लागि पशु प्राविधिक परिचालनका साथै औषधीको व्यवस्थापन गरिएको छ ।

२३.चालु आर्थिक वर्षको कार्यक्रमबाट दुइ वटा सामुदायिक नर्सरी स्थापना गरिएको छ ।

२४.पशु स्वास्थ्यका लागि सम्बन्धित पशु सेबा केन्द्रहरुबाट औषधी वितरण तथा अन्य पशुपालन लक्षित कार्यक्रमहरु सम्पन्न गरिएको छ ।

२५.सुविधासम्पन्न ल्याब सहितको कृषि तथा पशुपंक्षी विकास शाखाको एकीकृत भवन निर्माणको कार्य सम्पन्न भई भवन हस्तान्तरण हुने प्रक्रियामा रहेको छ । जसबाट यसक्षेत्रको आर्थिक विकासमा महत्वपूर्ण टेवा पुग्ने विश्वास गरिएको छ । साथै गाउँपालिकाको प्रशासकीय भवन एक वर्षभित्रै सम्पन्न गरी गाउँपालिकाको आफ्नै प्रशासकीय भवनबाट सेवा सुचारु गर्ने गरी कार्यप्रगतिलाई तीव्रता दिइएको छ ।

२६.आधारभूत खानेपानी सुबिधाको पँहुच अधिकांश जनसंख्यामा पुगाउनका लागी बिभिन्न प्रयासहरु भएका छन । बिग्रेका लिफ्टिङ्ग खानेपानी मर्मत गर्ने कार्य, खानेपानी उपभोक्ता समितिहरुलाई कार्यालयमा भएको पाइप उपलब्ध गराई प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सीप सिकेका ग्रामिण मर्मत सम्भार कार्यकर्ताहरु मार्फत खानेपानी लाइन विस्तारका साथै दीर्घकालीन सीपको समेत सुनिश्चितता गरिएको छ ।

२७.प्रधानमन्त्री रोजगार कार्यक्रममा गाउँपालिकाबाट साझेदारी मार्फत प्रभावकारी योजना सञ्चालन गर्ने अभ्यासको शुरुवात भएको छ ।

२८.गाउँपालिका जिन्सीमा मौज्दात रहेको खानेपानी पाइपलाई आवश्यकताका आधारमा उपभोक्ता समितिबाट श्रमदान गराइ दर्जन भन्दा बढी खानेपानी तथा सिँचाई योजना सम्पन्न गरिएका छन।

२९.गुणस्तरीय भौतिक पूर्वाधार निर्माणमा शुन्य सहनशीलताको नीति अवलम्बन गरी कार्यान्वयनमा ल्याइएको छ । विभिन्न समयमा हुने अनुगमन तथा गुणस्तर सुधारमा प्रविधिको प्रयोग सुनिश्चित गरिएको छ ।

३०.सेवा प्रवाहमा उल्लेखनीय सुधारका लागि विभिन्न चरणमा पटक पटक छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

३१.अध्यक्ष स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिइएको छ । यस आर्थिक वर्षमा उपभोक्ताको श्रमदान समेत हुनेगरी विभिन्न वडामा खानेपानी, बाटो, सिँचाई, ढलनिकास, शौचालय निर्माण लगायतका २० भन्दा बढी योजनाहरु सम्पन्न हुँदैछन ।

३२.उपाध्यक्ष बालबालिका शिक्षा सुरक्षा कार्यक्रमबाट ३८ वटा सामुदायिक विद्यालयका १२४६ विद्यार्थीले विभिन्न किसिमको शैक्षिक सामग्री पाप्त गरेकाछन ।

३३.ऐतिहासिक जोलजिवी मेलालाई सुदुरपश्चिम प्रदेशका माननीय मुख्यमन्त्रीको आतिथ्यतामा अन्तर वडा प्रतिभा पहिचानका विभिन्न कार्यक्रम सहित भब्यताका साथ सम्पन्न गरिएको छ ।

३४.वडा स्तरमा एकीकृत घुम्ति शिविरको आयोजना गरी सबै शाखाका सेवाहरु हरेक ३ महिनामा आम नागरिक समक्ष पुर्‍याउने प्रयास गरिएको छ ।

३५.वडा नम्बर ६ र २ लाई वाल विवाह मुक्त वडा घोषणा गरिएको छ । वडा नं १,३ र ८ लाई एक वर्षभित्र वालविवाह मुक्त वडा घोषणा गर्ने कार्यक्रम समेत रहेको छ ।

३६.सहकारीका नियमनका लागि समीक्षा कार्यक्रम तथा अनुगमन कार्यलाई नियमितता दिइएको छ ।

३७.कक्षा ५ र ८ को पालिका स्तरीय बार्षिक परीक्षा आयोजना गरिएको छ ।

३८.गाउँपालिकाले २० जना उद्यमीलाई पुनर्ताजगीका रुपमा तरकारी बीँउबिजन वितरण तथा क्षमता विकास तालिम र ३० जना नयाँ उद्यमीलाई हाते होजियारी व्यवसाय सम्बन्धी प्रविधि हस्तान्तरण र क्षमता विकास तालिम प्रदान गरेको छ ।

३९.कर्मचारी क्षमता अभिवृद्धिका लागि स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको टोली मार्फत तालिम प्रदान गरिएको र जसले समग्र सुशासनका क्षेत्रमा आवश्यक सुधारको अपेक्षा गरिएको छ ।

४०. यो अवधिमा वडा तथा पालिका स्तरीय विभिन्न ११५ योजनाहरु संचालन भएका छन ।

उल्लेखित कार्य प्रगति हुँदाहुँदै पनि मालिकार्जुन गाउँपालिका विकासका लागी विभिन्न समस्या चुनौतीहरु विद्यमान छन । भौगोलिक, हावापानी, साँस्कृतिक एवम् सामाजिक विशिष्टताका दृष्टिले विविधतायुक्त यो गाउँपालिकामा विकासका दृष्टिले सबै वस्ती र समाज समान रुपमा उन्नत छैनन् । कठिन भुगोल र तुलनात्मक रुपमा जोखिम युक्त क्षेत्रमा आवागमनमा असहजता, निर्माणको दृष्टिले बढी खर्चिलो र प्राकृतिक दृष्टिले जोखिमयुक्त छ ।

**सभाध्यक्ष महोदय,**

१६. मालिकार्जुन गाउँपालिकाको समग्र विकासको सन्दर्भमा चालु आर्थिक वर्ष २०८०/८१ मा देखिएका समस्या तथा चुनौतीहरुलाई निम्नानुसार प्रस्तुत गर्न चाहान्छु ।

क. स्थानीय स्रोतबाट आम्दानी पर्याप्त नभएको र विकास योजना तर्जुमा गर्दा साना साना टुक्रे आयोजनाहरु बनाउने र स्रोतलाइ छरपष्ट पारिने प्रवृतिले समग्रमा अनुभवयोग्य कुनै परिवर्तन नहुने समस्या रहेको छ । स्रोतलाई एकीकृत गरी ठूला एवं लाभयुक्त आयोजनाहरु तर्जुमा गरी नागरिकले प्रत्यक्ष अनुभव गर्नसक्ने विकास कार्यक्रम कार्यान्वयन गरी समाजमा रोजगारी सृजना र सामाजिक एवं आर्थिक विकासमा टेवा पुर्याउनु चुनौतिपुर्ण देखिन्छ ।

ख. सडक पुल जस्ता भौतिक संरचना निर्माणमा जग्गाको विषयमा विवाद हुने, लाभग्राहीबाट योगदान गर्न नचाहने प्रवृतिले विकासका कार्यमा अवरोध पुग्न सक्ने देखिन्छ । उपभोक्ता समिति मार्फत संचालित आयोजनाहरुमा निर्माण सम्बन्धी विशिष्ठ ज्ञान र उपकरण नहुँदा निर्माण व्यवसायी वा सव कन्ट्रयाक्टर मार्फत कार्य गर्ने प्रवृतिले निर्माणमा अस्वस्थ प्रतिष्पर्धा सृजना हुने र सुशासन कायम गर्न थप चुनौति बढेको छ ।

ग. उपभोक्ता समितिबाट कार्यान्वन हुने आयोजनाहरुको सन्दर्भमा उपभोक्ता समितिहरुको दक्षताको अभावका कारण उपभोक्ता समितिहरु समयमा योजना सम्झौता गर्न नआउने, आयोजनाहरु समयमै कार्यान्वयन नहुने र आर्थिक वर्षको अन्त्य सम्म आयोजना सञ्चालन गरी असार मसान्तमा भुक्तानी लिन आउने प्रवृति, उपभोक्ता समितिमा वर्षौ देखि एकै व्यक्तिको उपस्थितिले अन्य उपभोक्ताले अवसर नपाउने र सार्वजनिक परीक्षणको प्रावधानको उचित कार्यान्वयन नगर्ने प्रवृतिले आर्थिक अनुशासन कमजोर भई स्रोत दुरुपयोग हुने सम्भावना बढ्ने गरेको छ । उपभोक्ता समितिको क्षमता विकास सार्वजनिक परीक्षणलाई प्रभावकारी गराउन पनि चुनौतिपुर्ण रहेको छ ।

घ. उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्दा मेसिन मार्फत निर्माण कार्य गर्ने प्रवृतिले वास्तविक उपभोक्ता समितिको उद्देश्य बमोजिम हुन सकेको छैन । यसलाई व्यवस्थापन गर्नु चुनौतिपूर्ण छ ।

ङ. संघ तथा प्रदेशबाट प्राप्त सिलिङ्ग अनुसार बजेट विनियोजन नहुँदा कटौती भएको स्रोत पूर्तिको विकराल समस्या सिर्जना भएको छ । जसबाट करौडौका योजना तथा कार्यक्रम भुक्तानी बाँकीमा सार्न बाध्य हुनुपरेको छ ।

च. आन्तरिक आय न्यून हुँदा संघीय तथा प्रादेशिक अनुदानका भरमा गाउँपालिका सञ्चालन हुने हुँदा नयाँ कार्यक्रम सोच र उद्देश्यको कार्यान्वयन गर्न निकै नै चुनौतिपूर्ण रहेको छ ।

**सभाध्यक्ष महोदय,**

१७.अब म आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रमका उद्देश्य एवं प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन ।

क) मुलुकमा देखापरेको आर्थिक मन्दी तथा सन्तुलित आर्थिक वातावरणको प्रतिकुल नहुने गरी आर्थिक क्रियाकलाप सञ्चालन गर्ने ।

ख) उपलब्ध श्रोतसाधन, अवसर र क्षमताको उच्चतम परिचालन गरी विकास व्यवस्थापन गर्ने ।

ग) नागरिकका मौलिक हक र अधिकारका रुपमा रहेका आवश्यकता परिपुर्ति मार्फत गाउँपालिकाको लोककल्याणकारी भूमिका बढाउने ।

घ) सामाजिक, आर्थिक र गुणस्तरीय भौतिक पूर्वाधारको विकास मार्फत **समृद्ध मालिकार्जुन** निर्माण गर्ने तर्फ केन्द्रित हुने ।

ङ) समाजमा रहेका कुरीति, विसंगतीको अन्त्यका लागि विभिन्न क्रियाकलापहरु सञ्चालन गर्ने ।

च) व्यवस्थित तथा सुलभ स्वास्थ्य सेवा र गुणस्तरीय सामुदायिक शिक्षामा जोड दिने ।

छ) शिक्षा, स्वास्थ्य लगायत रोजगारी सिर्जना गर्ने क्षेत्रलाई प्राथमिकतामा राख्ने ।

ज) समग्र सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउदै सेवा प्रवाहलाई प्रविधिमैत्री र सेवाग्राहीमैत्री बनाउने ।

झ) आन्तरिक राजस्वमा अभिवृद्धि गर्ने ।

१८. उल्लेखित बजेटका उद्देश्यहरु हासिल गर्न मैले देहाय अनुसार क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु ।

क) शिक्षा, स्वास्थ्य र रोजगारी सिर्जना,

ख) कृषि, पशु विकास तथा बाँझो जमिनको प्रयोग,

ग) सामाजिक सद्भाव, सहकार्य र एकतासँगै सभ्य समाज निर्माण,

घ) गुणस्तरीय भौतिक पूर्वाधार निर्माण,

ङ) वातावरण संरक्षण तथा विपद व्यवस्थापन,

च) मानव संसाधन विकास तथा सेवा प्रवाहमा सहजता,

छ) प्राप्त योजना तथा कार्यक्रमको समयमै कार्यान्वयन।

ज) चालु आर्थिक बर्षमा सम्पन्न हुन नसकेका भौतिक निर्माण लगायतका अन्य योजनाहरुको निरन्तरता ।

झ) गुणस्तरीय तथा पहुँचयुक्त सार्वजनिक सेवा र उत्तरदायी तथा पारदर्शी एवं खुला सरकारको नीतिलाई थप व्यवस्थित गर्ने कार्य ।

आगामी बर्षको क्षेत्रगत बजेट बिनियोजन गर्दा आर्थिक पुर्नउत्थान हुने, तत्काल प्रतिफल प्राप्त गर्न सकिने, आगामी आर्थिक बर्षमै सम्पन्न हुने, चालु आयोजनाहरुको कार्यान्वयन निरन्तरता सुनिश्चित गर्ने र सेवा प्रवाहलाई प्रभावकारी बनाउन संघ र प्रदेश सरकारसँग उच्चतम समन्वय र सहकार्य गर्ने तथा सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रसँगको साझेदारीबाट विकास प्रक्रियालाई अघि बढाउने कार्यक्रमतर्फ जोड दिइएको छ ।

**सभाध्यक्ष महोदय,**

१९. अब म यिनै उद्देश्य, चुनौती र प्राथमिकताका आधारमा मालिकार्जुन गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ का लागि तयार पारिएको बार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्दा मुख्य मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**क) आर्थिक विकास तर्फः**

१. पशुको नस्ल सुधार लगायत नियमित पशु सेवा कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

२. कृतिम गर्भाधान कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३. पशु विकास कार्यक्रम अन्तर्गत औषधी खरिदका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४. सहकारी क्षेत्रलाई मर्यादित र व्यवस्थित बनाउनका लागि अनुगमन तथा सुपरीवेक्षण गर्न आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

५. कृषकहरुका साना व्यवसाय प्रवर्धन तथा कृषि उत्पादन वृद्धि गरि पकेट विकास कार्यक्रम संचालन गरिनेछ ।

६. लागत साझेदारीमा कृषि कार्यक्रम सञ्चालन तथा यान्त्रीकरणका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

७. पर्यटनको सम्भावना बोकेका राष्ट्रिय धाम मालिकार्जुन र उकु महल लगायतका पर्यटकीय क्षेत्रहरुको संरक्षण र सम्र्बद्धन हुने गरी पर्यटन प्रवर्द्धनका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

८. लघु उद्यम विकास कार्यक्रम सञ्चालन सहलगानीका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

**ख) सामाजिक विकास तर्फः**

१. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाई वडा कार्यालयहरु मार्फत सहजै वितरण हुने शाखारहित घुम्ति बैङ्किङ्ग प्रणालीको व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।

२. उपाध्यक्ष बालबालिका शिक्षा सुरक्षा कार्यक्रमलाई निरन्तरता दिएको छु । सोका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३. समग्र सेवा प्रवाहलाई व्यवस्थित र प्रविधि मैत्री बनाउन विद्युतीय सुशासन प्रणालीको अवलम्बन गरिनेछ ।

४. विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गरी पठन पाठनलाई थप गुणस्तरिय बनाउन विद्यालयहरुमा सूचना प्रविधिको व्यवस्थाका सँगै भौतिक पूर्वाधार निर्माण सुधार गरिनेछ ।

५. प्राविधिक शिक्षामा छात्रवृति कार्यक्रमलाई निरन्तरता दिएको छ । त्यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

६. स्वयंसेवक शिक्षक व्यवस्थापन कोषलाई निरन्तरता दिएको छु । त्यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

७. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

८. लक्षित वर्ग समुदायका लागि आर्थिक उपार्जनका कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

९. स्थानीय पाठ्यपुस्तक निर्माण तथा छपाइका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१०. शिक्षा, स्वास्थ्य एवं रोजगारी सिर्जना सम्बन्धी विभिन्न विकास साझेदार संस्थाहरुसँग सहकार्य र अन्तरक्रियात्मक कार्यक्रमको व्यवस्था गरिनेछ ।

११. चालु आर्थिक वर्षमा संचालित विधार्थीको दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गर्दै भान्से व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१२. शिक्षा युवा तथा खेलकुद सुधार कार्यक्रम लागू गरिनेछ । सोका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१३. आयुर्वेद सेवा सञ्चालन तथा औषधी,पञ्चकर्मका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१४. विद्यालय योग शिक्षा कार्यक्रमलाई निरन्तरता दिनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१५. स्वास्थ्य तर्फ नियमित औषधी खरिद कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१६. एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु

१७. बाल स्वास्थ्य एवं पोषण कार्यक्रमलाई थप प्रभावकारी बनाउन बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

१८. गुणस्तरीय स्वास्थ्य सेवा निरन्तरताका लागि आवश्यक बजेट विनियोजन गरिएको छ

१९. गरिवि निवारणका लागि लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्न, उद्यमीको स्तरोन्नति, प्रविधि हस्तान्तरण लगायतका कार्यक्रमहरु विभिन्न विकास साझेदारहरुको सहकार्यमा संचालन हुने व्यवस्था गरिनेछ ।

२०. पालिकाभित्र सन्चालनमा रहेका खानेपानी योजनाहरुको नियमित मर्मत सम्भार तथा सन्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**ग) पूर्वाधार विकास तर्फः**

१. गाउँपालिका प्रशासकीय भवन निर्माणको लागि सहलगानी सहित २ करोड ४० लाख विनियोजन गरेको छु ।

२. जोलजिवी चौकी धरमपानी खेतार साननीचौरा शंकरपुर सडकको निर्माणको लागि सहलगानी सहित २ करोड बजेट विनियोजन गरेको छु ।

३. च्याडि सेलिचामा सडक निर्माणको लागि ३५ लाख विनियोजन भएको छ ।

४. डाडाकोट स्वास्थ्य चौकी भवन निर्माणका लागि ३५ लाख विनियोजन भएको छ ।

५. भवनाला गाडखोला सडक निर्माणका लागि सहलगानी सहित ९२ लाख विनियोजन गरेको छु ।

६. मच्छेकाडा शंकरपुर पासादेउ वान्थाला सडक निर्माणका लागि सहलगानी सहित ९३ लाख विनियोजन गरेको छु ।

७. वडा नम्बर १ को कार्यालय भवन निर्माणका लागि क्रमागत योजनका रुपमा ८६ लाख ८२ हजार विनियोजन भएको छ ।

८. जोलजिवी शंकरपुर सडक वडा नम्बर ७ र ८ योजनाको लागि ५२ लाख १८ हजार विनियोजन भएको छ ।

९. उच्च पहाडि एवं हिमाली क्षेत्र समृद्धि कार्यक्रम अन्तरगत डुम्ला पाली लिमा सडक खण्ड निर्माणका लागि ३३ लाख विनियोजन भएको छ ।

१०. उच्च पहाडि एवं हिमाली क्षेत्र समृद्धि कार्यक्रम अन्तरगत भवनाला चौतालीचौर भौनाला गजाल गाडखोला सडक स्तरोन्नतीका लागि २२ लाख विनियोजन भएको छ ।

११. उच्च पहाडि एवं हिमाली क्षेत्र समृद्धि कार्यक्रम अन्तरगत न्वालपानी सडक स्तरोन्नतीका लागि २२ लाख विनियोजन भएको छ ।

१२. उच्च पहाडि एवं हिमाली क्षेत्र समृद्धि कार्यक्रम अन्तरगत मौसमी तरकारी खेतिका लागि पोलिहाउस सवै वडामा कार्यक्रमका लागि २२ लाख विनियोजन भएको छ ।

१३. विपन्न नागरिकहरुलाई रोजगारी प्रदान गर्न प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारी गरी कार्यान्वयन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ । साथै अध्यक्ष स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिएको छु ।

१४. सार्वजनिक निर्माण कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१५. पालिकाभित्र सन्चालनमा रहेका ग्रामिण सडकहरुको निरन्तर मर्मत सम्भार तथा सन्चालनका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

१६. गाउँपालिकाको प्रशासकीय भवन लगायतका समपूरक योजनाहरुको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१७. गाउँपालिकाको एक्साभेटर सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१८. साना सिचाई, खानेपानी, बाटोघाटो, जस्ता अन्य सार्वजनिक निर्माण कार्यका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

१९. पूजीगत तर्फ ८ वटै वाडामा साना पूर्वधार योजना निर्माणको लागि ६४ लाख र चालु तर्फ वडा कार्यालय सन्चालनको लागि १६ लाख गरी जम्मा ८० लाख बजेट विनियोजन गरेको छु ।

**घ) वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फः**

१. राहत, उद्दार तथा विपद् व्यवस्थापन कोषलाई निरन्तरता दिएको छु । साथै सो कोषमा सरकारी, निजी तथा अन्य क्षेत्रबाट प्राप्त हुने रकम जम्मा हुने र खर्च हुने व्यवस्था मिलाइएको छ ।

२. मुहान संरक्षण तथा वृक्षारोपणका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

३. मेरो बालक मेरो वृक्ष कार्यक्रमलाई निरन्तरता दिएको छु

**ङ) सुशासन तथा संस्थागत विकास तर्फः**

१. योजना तथा कार्यक्रमलाई व्यवस्थित गरी पद्धतिमा आधारित बनाउनका लागि योजना सञ्चालन तथा व्यवस्थापन सफ्टवयर खरिद गरी व्यवस्थापन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२. गाउँपालिकामा प्रशासनिक सुधारका लागि आवश्यक प्रविधि खरिद तथा व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३. जोलजीवि मेला, मालिकार्जुन जात्रा लगायत अन्य जात्रा व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४. न्यायिक समिति सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

५. उपभोक्ता समितिहरुको अभिमुखीकरण कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

६. गाउँकार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा सेवा केन्द्रहरुको प्रशासनिक खर्च सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

७. कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासका लागि आवश्यक पर्ने पुनर्ताजगी तालिमहरु सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

८. दश शैय्या आधारभूत अस्पताल निर्माण सम्पन्न भई हस्तान्तरणको क्रममा रहेकाले उक्त आधारभूत अस्पताल व्यवस्थापन गरी सन्चालनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

९. एकीकृत घुम्ति शिविर कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

१०. गाउँपालिकाका सबै शाखाहरु सन्चालनको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

२०.अब म आगामीआर्थिक वर्ष २०८१/८२ मा मालिकार्जुन गाउँपालिकाको राजस्व तथा व्ययको अनुमान प्रस्तुत गर्न चाहन्छु ।

२१.आगामी आर्थिक वर्षमा नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान तर्फ रु **१० करोड ६५ लाख,राजस्व बाँडफाँट अन्तर्गत रु.७ करोड ६९ लाख**,सशर्त अनुदान रकम **रु.२५ करोड ६५ लाख ५९ हजार**,सामाजिक सुरक्षा तर्फ अनुदान रकम **रु.६ करोड ९५ लाख ५५ हजार** र समपुरक अनुदान **रु.२ करोड २० लाख** गरी **कुल रु.५२ करोड ८८ लाख ९९ हजार** प्राप्त हुने अनुमान छ । त्यसैगरी सुदूरपश्चिम प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान रकम रु **९८ लाख**,विशेष अनुदान तर्फ **रु.७० लाख**,सवारी साधन कर तथा राजस्व बाँडफाँट अन्तर्गत रु.**९ लाख ७५ हजार**,सशर्त अनुदान **रु.७८ लाख ५० हजार** र समपुरक अनुदान तर्फ **रु.१६२** लाख गरी कुल रु.४ **करोड १९ लाख ७५ हजार** रकम वित्तीय हस्तान्तरण

मार्फत प्राप्त हुने अनुमान छ । मालिकार्जुन गाउँपालिकाको आगामी आर्थिक वर्षका लागि आन्तरिक राजस्व तर्फ संकलन हुने अनुमानित रकम **रु.३५ लाख** तथा गत वर्षको **अनुमानित नगद मौज्दात रु. ५० लाख** समेत गरी **कुल रु. ५७ करोड ९१ लाख ७४ हजार** राजश्व प्राप्त हुने अनुमान गरिएको छ ।

२२.आगामी आर्थिक वर्ष २०८१/८२ मा हुने व्यय तर्फ उपभोग तथा चालु प्रकृतिका कार्यक्रमहरु, सामाजिक सुरक्षा लगायतका खर्च व्यवस्थापनको लागि **कुल रु. १८ करोड ४६ लाख ६० हजार चालु तर्फ,** पुँजीवृद्धि तथा विकास निर्माण कार्यका लागि **कुल रु. १४ करोड ९५ लाख ५ हजार पुँजिगत तर्फ** र संघीय सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रमका लागि **रु. २४ करोड ३५ लाख ५९ हजार** विनियोजन गरिएको छ ।

**सभाध्यक्ष महोदय,-**

२३.अन्त्यमा, बजेट निर्माणका क्रममा सुझाव प्रदान गर्ने विषयगत समितिहरु, राजनीतिक दल, विभिन्न क्षेत्रका विषय विज्ञ, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, मिडियाकर्मी लगायत देश विदेशमा रहनु हुने बुद्धिजीवि तथा विकास विद एवं प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्ने सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्न चाहान्छु ।

२४.मालिकार्जुन गाउँपालिकाको सामाजिक, आर्थिक, एवं भौतिक विकास मार्फत **समृद्ध मालिकार्जुन सुखी मालिकार्जुनबासी** निर्माण गर्ने ध्येयका साथ प्रस्तुत गरिएको आर्थिक वर्ष २०८१/८२ को यस बजेटको कार्यान्यवनमा सरोकारवाला सबै पक्षको रचनात्मक सहयोग तथा सुझाव प्राप्त हुने विश्वास लिएको छु ।

**धन्यवाद । नमस्कार । अभिवादन ।**

कल्यान सिंह धामी "पंकज"
उपाध्यक्ष

**इति सम्बत २०८१ साल असार महिनाको ०६ गते रोज ५ शुभम् ।**